# नेपाल चेम्बर अफ कमर्स
# NEPAL CHAMBER OF COMMERCE

(स्था: वि.सं. २००७ / Estd. 1951 A.D.)

CHAMBER BHAWAN, KANTIPATH
P.O.Box:198, Kathmandu, NEPAL
Phone: 977-1-5330947, 5330941
Fax: 977-1-5329998
E-mail: info@nepalchamber.org
Website:http;//www.nepalchamber.org

चेम्बर भवन, कान्तिपथ
पो. ब. नं. १९८, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-५३३०९४७, ५३३०९४१
फ्याक्स: ९७७-१-५३२९९९८


मिति ०७९/१२/२१

माननीय अर्थमन्त्री डा.प्रकाशशरण महतज्यू
अर्थ मन्त्रालय
सिंहदरवार
काठमाण्डौ

**विषय:-विद्यमान आर्थिक अवस्थाबारे ।**

माननीय मन्त्रीज्यू,

गणतन्त्र नेपालको अर्थमन्त्री पदमा नियुक्त हुनु भएकोमा नेपाल चेम्वर अफ कमर्सको तर्फबाट हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौ र माननीय मन्त्रीज्यूको सफल कार्यकालको कामना गर्दछौं ।

कोभिड १९ को महामारीका कारण उत्पन्न परिस्थिति हुँदै पछिल्लो समय रुस-युक्रेन युद्धले विश्वव्यापी रुपमा आपूर्ति र मूल्य श्रृङ्खलालाई गम्भिर असर गरेको छ भने नेपाली मुद्राको निरन्तर अवमुल्यन भईरहेको छ । भूपरिवेष्ठित हाम्रो जस्तो मुलुकमा पछिल्लो समय उत्पादन लागत उच्च हुँदा उद्योगी व्यवसायी मर्कामा परेका छन । बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वय नहुँदा अर्थतन्त्रले अपेक्षित गती लिन सकेको छैन । पछिल्लो समय तरलता अभावसंगै उच्च व्याजदर, पुँजिगत खर्च हुन नसक्ने समस्या लगायतले आर्थिक गतिविधी सामान्य अवस्थामा फर्किन सकेको छैन । अर्थतन्त्रलाई चलायमान बनाउनका लागि माननीय मन्त्रीज्यू समक्ष नेपाल चेम्बर अफ कमर्सका तर्फबाट निम्न सुझावहरु पेश गरेका छौं ।

**१. अर्थतन्त्र चलायमानका लागि :**

अर्थतन्त्रलाई चलायमान बनाउनका लागि छिटो भन्दा छिटो एकल दरको ब्याजदर कायम गरिनु पर्ने ।